लोक सेवा आयोग
अप्राविधिक तर्फका न्याय, परराष्ट्र, प्रशासन, लेखापरीक्षण र संसद सेवा, राजपत्र अनंकित प्रथम श्रेणी, नायव सुब्बा वा सो सरह
पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम

**एवं परीक्षा प्रणाली (योजना)**

**पाठ्यक्रमको रुपरेखा:–** संयुक्त र एकिकृत परीक्षा प्रणाली (Integrated & Unified Examination System) को आधारमा निम्नानुसारको हुनेछ ।

**भाग - १**

**लिखित परीक्षा (Written Examination)**:– प्रथम चरण **पूर्णाङ्क :– १००**
द्वितीय चरण **पूर्णाङ्क :– २००**

**भाग - २**

**अन्तिम चरण (Final Examination)** :– कम्प्यूटर सीप परीक्षणर अन्तर्वार्ता **पूर्णाङ्क :– ५०**

**लिखित परीक्षा योजना (Written Examination Scheme)**

**१. लिखित परीक्षा :- प्रथम चरण (First Phase)**

**तालिका (१)**

| पत्र | विषय | पूर्णाङ्क | उतीर्णाङ्क | परीक्षा प्रणाली | प्रश्नसंख्या X अङ्क | समय |
|---|---|---|---|---|---|---|
| प्रथम | सामान्य ज्ञान र सामान्य बौद्धिक परीक्षण (General Knowledge & General Mental Ability Test) | १०० | ४० | वस्तुगत (Objective): बहुवैकल्पिक प्रश्न (Multiple Choice Questions) | ५० प्रश्न X २ अङ्क | ४५ मिनेट |

**२. लिखित परीक्षा :- द्वितीय चरण(Second Phase)**

**तालिका (२)**

| पत्र | विषय | पूर्णाङ्क | उतीर्णाङ्क | परीक्षा प्रणाली | प्रश्नसंख्या X अङ्क | समय |
|---|---|---|---|---|---|---|
| द्वितीय | समसामयिक अध्ययन र सार्वजनिक सेवा व्यवस्थापन (Contemporary Studies & Public Service Management) | १०० | ४० | विषयगत (Subjective): छोटो र लामो उत्तर (Short &Long Answers) | १४ प्रश्न X ५ अङ्क<br>३ प्रश्न X १० अङ्क | २ घण्टा ३० मिनेट |
| तृतीय | सेवा-समूह सम्बन्धी (Service-Group related subject) | १०० | ४० | विषयगत (Subjective): छोटो र लामो उत्तर (Short &Long Answers) | सम्बन्धित पाठ्यवस्तुमा दिइए अनुसार | २ घण्टा ३० मिनेट |

**अन्तिम चरण - कम्प्यूटर सीप परीक्षण र अन्तर्वार्ता (Computer Skill Test & Interview)**

**तालिका (३)**

| विषय | पूर्णाङ्क | परीक्षा प्रणाली | समय |
|---|---|---|---|
| कम्प्यूटर सीप परीक्षण (Computer Skill Test) | १० | प्रयोगात्मक (Practical) | १५ मिनेट |
| व्यक्तिगत अन्तर्वार्ता(Interview) | ४० | मौखिक (Oral) | |

**द्रष्टव्य :**

१. यो पाठ्यक्रम योजनालाई संयुक्त र एकीकृत परीक्षा प्रणालीको आधारमा अप्राविधिक तर्फ न्याय, परराष्ट्र, प्रशासन, लेखापरीक्षण र संसद सेवाका सबै समुहको लागि **लिखित परीक्षा (प्रथम चरण र द्वितीय चरण) तथा अन्तिम चरण (कम्प्यूटर सीप परीक्षण र अन्तर्वार्ता)** गरी दुई भागमा विभाजन गरिएको छ ।

२. **तालिका (१)** र **तालिका (२)** मा दिईएको अनुसारको लिखित परीक्षा माथि उल्लिखित सबै सेवाका सबै समुहको लागि अनिवार्य हुनेछ ।

३. माथि उल्लिखित सेवाका सबै समुहको लागि प्रथम र द्वितीय पत्र/विषयको विषयवस्तु एउटै (Common) र अनिवार्य हुनेछ । तर तृतीय पत्र सेवा समूह सम्बन्धी विषय सेवा समूह अनुसार फरक फरक हुनेछ ।

४. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुनेछ । तर परराष्ट्र सेवाको तृतीय पत्र अंग्रेजी भाषा र कूटनैतिक विषयको परीक्षाको माध्यम भाषा अंग्रेजी मात्र हुनेछ ।

५. वस्तुगत बहुवैकल्पिक (Multiple Choice) प्रश्नहरुको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अङ्क कट्टा गरिनेछ । तर उत्तर नदिएमा त्यस बापत अङ्क दिइने छैन र अङ्क कट्टा पनि गरिने छैन ।

६. बहुवैकल्पिक प्रश्नहरु हुने परीक्षामा कुनै प्रकारको क्याल्कुलेटर (Calculator)प्रयोग गर्न पाइने छैन ।

७. परीक्षामा सोधिने प्रश्नसंख्या,अङ्क र अङ्कभार यथासम्भव सम्बन्धितपत्र/विषयमा दिईए अनुसार हुनेछ ।

८. विषयगत प्रश्न हुने पत्र/विषयका प्रत्येक खण्डका लागि छुट्टाछुट्टै उत्तरपुस्तिकाहरु हुनेछन् । परीक्षार्थीले प्रत्येक खण्डका प्रश्नहरुको उत्तर सोही खण्डको उत्तरपुस्तिकामा लेख्नुपर्नेछ ।

९. यस पाठ्यक्रम योजना अन्तर्गतकापत्र/विषयका विषयवस्तुमा जेसुकै लेखिएको भए तापनि पाठ्यक्रममा परेका कानून, ऐन, नियम तथा नीतिहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडि (संशोधन भएका वा संशोधनभई हटाईएका वा थप गरी संशोधनभई) कायम रहेकालाई यस पाठ्क्रममा परेको सम्झनु पर्दछ ।

१०. **प्रथम चरण (First Phase) को लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुलाई मात्र द्वितीय चरण (Second Phase) को लिखित परीक्षामा सम्मिलित गराइनेछ ।**

११. लिखित परीक्षाको प्रथम चरण (First Phase) मा प्राप्त गरेको प्राप्ताङ्कको **पचास प्रतिशत अङ्क** तथा द्वितीय चरण (Second Phase) को प्राप्ताङ्कहरु जोडि कूल अङ्कको आधारमा लिखित परीक्षाको नतिजा प्रकाशित गरिनेछ ।

१२. लिखित परीक्षामा छनौट भएका उम्मेदवारहरुलाई मात्र अन्तिम चरणको कम्प्युटर सीप परीक्षण र अन्तर्वार्तामा सम्मिलित गराइनेछ ।

१३. लिखित परीक्षा र अन्तिम चरणको कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ताको कुल अङ्क योगका आधारमा अन्तिम परीक्षाफल प्रकाशित गरिनेछ ।

१४. उल्लिखित परीक्षा योजना लागू भएपछि यो भन्दा अगाडिको परीक्षा योजना खारेज हुनेछ ।

१५. पाठ्यक्रम लागू मिति : - **२०७६/०९/१७**

## प्रथमपत्र :-सामान्य ज्ञान र सामान्य बौद्धिक परीक्षण

**१. सामान्य ज्ञान** **३० प्रश्न × २ अङ्क =६० अङ्क**

१.१ ब्रह्माण्ड सम्बन्धी जानकारी ।

१.१.१ सौर्यमण्डलः सूर्य, ग्रह, उपग्रह, शिशुग्रह, उल्का, धूमकेतु/पुच्छ्रे ताराहरु ।

१.१.२ पृथ्वीः परिचय, उत्पत्ति र गति ।

१.२ विश्वको भूगोल - महादेश, महासागर, ध्रुव, अक्षांश, देशान्तर, अन्तर्राष्ट्रिय तिथि रेखा, समय, दूरी, पर्वतश्रृंखला, मरुभूमि, भूकम्प, ज्वालामुखी, नदी, हिमनदी, ताल, हिमताल, जलवायु, व्यापारिक वायू, मनसुन ।

१.३ नेपालको भूगोल

१.३.१ धरातलीय स्वरुपको किसिम, विशेषताहरु ।

१.३.२ प्राकृतिक स्रोतहरुः किसिम, उपलब्धि र वर्तमान अवस्था ।

१.३.३भौगोलिक विविधता र जनजीवन ।

१.३.४ नेपालमा पाईने हावापानीको किसिम र विशेषता । हावापानीको विविधताबाट उत्पन्न भएका आर्थिक तथा सामाजिक क्रियाकलाप र जिविकोपार्जनमा विविधता ।

१.४ विश्वको इतिहास - म्याग्नाकार्टा, औद्योगिक क्रान्ति, फ्रान्सको राज्यक्रान्ति, अमेरिकी स्वतन्त्रता सङ्ग्राम, रुसी/अक्टोवर क्रान्ति, प्रथम र द्वितीय विश्वयुद्ध तथा भारतीय स्वतन्त्रता सङ्ग्राम; घटना, कारण र परिणामहरु ।

१.५ नेपालको इतिहास (प्राचीन कालदेखि हालसम्म)

१.५.१ किराँतकाल, लिच्छविकाल र मध्यकाल; सामाजिक, आर्थिक एवं राजनीतिक अवस्था ।

१.५.२ आधुनिक इतिहास; राजनीतिक घटनाक्रम, कारण र परिणामहरु ।

१.६ नेपालको सामाजिक एवं सांस्कृतिक अवस्था

१.६.१ प्रथा, परम्परा, मूल्य र मान्यता, धर्म, जातजाति, भाषाभाषी, संस्कृति, कला, साहित्य, संगीत ।

१.६.२ सांस्कृतिक सम्पदाको किसिम, विशेषता, महत्व ।

१.७ नेपालको आर्थिक अवस्थाः विकासका पूर्वाधारहरु (कृषि, उद्योग, व्यापार, पर्यटन, यातायात, संचार, शिक्षा, स्वास्थ्य, विद्युत) र विकास योजना ।

१.८ विज्ञान प्रविधि र स्वास्थ्यः निम्नलिखित विषयमा सामान्य जानकारी

१.८.१ विज्ञान प्रविधिको विकासबाट मानव जीवनमा परेको प्रत्यक्ष प्रभाव ।

१.८.२ जैविक प्रविधि, सुचना तथा सञ्चार प्रविधि र वैकल्पिक उर्जा ।

१.८.३ क्रमविकाश र वंशाणु,स्वास्थ्य, रोग, खोप, खाद्य, पोषण, सरसफाई ।

१.८.४ दैनिक जीवनमा प्रयोग हुने वस्तुहरु साबुन, प्लाष्टिक, रेसा, काँच, मल र किटनाशक औषधी ।

१.९ पारिस्थितिक पद्धति र वातावरण

१.९.१ पारिस्थितिक पद्धतिको परिचय र प्रकार तथा जीव भू-रासायनिक चक्र ।

१.९.२ दिगो विकास, जैविक विविधता, दुर्लभ पशुपन्छी र वनस्पतिहरु, विश्वव्यापी उष्णता, जलवायु परिवर्तन, हरितगृह प्रभाव, ओजोन विनास, वातावरण, प्रदुषण, जनसंख्या, शहरीकरण, बसोवास (बँसाईसराई) ।

१.१०अन्तर्राष्ट्रिय सम्बन्ध तथा संघ/संस्था

१.१०.१ नेपालका छिमेकी देशहरु, तथा बेलायत, अमेरिका,जापान, आदिसँगको सम्बन्ध ।

१.१०.२ संयुक्त राष्ट्रसंघः अङ्ग, विशिष्टीकृत संस्था र गतिविधिहरु ।

१.१०.३ क्षेत्रीय संगठनः सार्क, बिमस्टेक, आसियान, युरोपियन संघ ।

१.११ राष्ट्रिय र अन्तर्राष्ट्रिय महत्वका राजनीतिक, सामाजिक, आर्थिक, वैज्ञानिक, सांस्कृतिक, खेलकूद, पुस्तक, पुरस्कार, कला, साहित्य, संगीत लगायत समसामयिक घटना तथा नविनतम गतिविधिहरु र महत्वपूर्ण व्यक्तित्व तथा विचारकहरु सम्बन्धी जानकारी ।

**२. सामान्य बौद्धिक परिक्षण** **२० प्रश्न × २ अङ्क =४० अङ्क**

२.१ शाव्दिक तार्किक परीक्षणः

बोध, शब्दज्ञान, अनुक्रम, समरुपता, वर्गीकरण, कोडिङ- डिकोडिङ, छोडिएका अक्षर/संकेत मिलाउने, दिशा र दुरी ज्ञान परीक्षण, तार्किक विश्लेषण, श्रेणीक्रम (पंक्तिक्रम), भनाई र कारण, आगमन, निगमन, कार्य/अवस्थाको सिलसिला ।

२.२ मात्रात्मक (संख्यात्मक वा अंक सम्बन्धी) तार्किक परीक्षणः

अनुक्रम (श्रेणीक्रम), समरुपता, वर्गीकरण, कोडिङ, छोडिएका संख्या (अक्षर/संकेत) मिलाउने, साझा गुण, मेट्रिक्स, तथ्यांक व्याख्या, तथ्यांक जाँच (रुजु), अंकगणितीय तर्क /क्रिया सम्बन्धी,प्रतिशत, भिन्न, दशमलव, अनुपात, औसत, नाफा, नोक्सान, मिति/पात्रो, समय र काम ।

२.३ अशाब्दिक तार्किक परीक्षणः

अनुक्रम, समरुपता, एकरुपता, वर्गीकरण, तार्किक चित्रात्मक विश्लेषण, भेन चित्र, मेट्रिक्स चित्र, त्रिभुज र वर्गहरुको रचना, चित्र वा आकृति बनावट र विश्लेषण, विन्दु स्थान/स्थिति, पानीमा देखिने आकृति, ऐनामा देखिने आकृति, अन्तर्निहित आकृति, चित्रको स्थानान्तरण ।

**समाप्त**

**प्रथमपत्र सामान्य ज्ञान र सामान्य बौद्धिक परीक्षण विषय**का पाठ्यक्रमका एकाईहरुबाट सोधिने प्रश्नहरुको संख्या निम्नानुसार हुनेछ । सामान्य ज्ञानमा यथासम्भव क्रमशः Level I का ६० प्रतिशत र Level II का ४० प्रतिशत प्रश्नहरु सोधिनेछ ।

| **प्रथमपत्र** | **सामान्य ज्ञान** | | | | | | | | | | | **सामान्य बौद्धिक परीक्षण** | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **अङ्कभार** | **६०** | | | | | | | | | | | **४०** | | |
| **एकाइ** | १.१ | १.२ | १.३ | १.४ | १.५ | १.६ | १.७ | १.८ | १.९ | १.१० | १.११ | २.१ | २.२ | २.३ |
| **प्रश्न संख्या** | 1 | 2 | 4 | 1 | 2 | 4 | 3 | 3 | 3 | 2 | 5 | 6 | 8 | 6 |
| **जम्मा प्रश्न** | (Level I = 18र Level II = 12) जम्मा30 | | | | | | | | | | | 20 | | |

**Level I Questions**

(चार विकल्पमात्र भएका सामान्य बहुवैकल्पिक प्रश्नहरु)

**Level II Questions**

(चार भन्दा विकल्प बढि विकल्प हुन सक्ने तर चार विकल्पमात्र प्रदान गरिएका बहुवैकल्पिक स्वरुपका तर ठिक-बेठिक, जोडामिलाउने, खालि ठाउँ भर्ने, कारण र प्रभाव सम्बन्ध प्रश्नहरु, नमिल्दो छुट्ट्याउने प्रश्नहरु)

(In English)

## PAPER I: - General Knowledge &General Mental Ability Test

**1. General Knowledge** **60 Marks**

1.1 General information about the universe.
- 1.1.1 The solar system: sun, planets, satellites, asteroids, meteors, comets
- 1.1.2 The earth: introduction, origin and motion of the earth.

1.2 Geography of World - continent, ocean, pole, latitude, longitude, international date line, time, distance, mountains, deserts, earthquake, volcano, rivers, glaciers, lakes, climate, trade winds, monsoon.

1.3 Geography of Nepal
- 1.3.1 Types and characteristics of physical features.
- 1.3.2 Natural resources: types, achievement and existing scenario.
- 1.3.3 Diversified geographical features and life.
- 1.3.4 Types and characteristics climate of Nepal. Socio-economic activities and diversity in livelihood due to diversified climate.

1.4 History of the World - Magna Carta, Industrial revolution, French revolution, American war of independence, Russian/October revolution, First and Second World wars and Indian movement for independence; events, causes and effects.

1.5 History of Nepal (From ancient period till now)
- 1.5.1 Social, economic and political conditions of Kiranti Period, Lichhavi Period and Malla Period.
- 1.5.2 Modern history of Nepal notable political events, causes and consequences.

1.6 Social and cultural aspects of Nepal
- 1.6.1 Customs, traditions, norms, values, religions, ethnicity, languages, cultures, arts, literature, music
- 1.6.2 Type, characteristics and importance of cultural heritages.

1.7 Economic status of Nepal: Infrastructures of development (agriculture, industry, trade, tourism, transportation, communication, health, electricity) and development planning

1.8 Health, science and technology: General information about
- 1.8.1 Direct impact of science and technology development in human life.
- 1.8.2 Alternative energy, information communication technology and biotechnology.
- 1.8.3 Evolution and heredity, health, diseases, vaccines, food, nutrition and sanitation.
- 1.8.4 Materials used in daily life including soap, plastics, fibre, glass, fertilizers, insecticides / pesticides.

1.9 Ecosystem and environment
- 1.9.1 Introduction and type of ecosystem, and bio-geo chemical cycle.
- 1.9.2 Sustainable development, bio-diversity, rare flora and fauna, global warming, climate change, green house effect, depletion of ozone, environment, pollution, population, urbanization, settlement (migration).

1.10 International affairs and institutions
- 1.10.1 Relations of Nepal with neighboring countries and other countries including Britain, America, Japan, etc.
- 1.10.2 United Nations: bodies, specialized agencies and activities of the UNO.
- 1.10.3 Regional organizations: the SAARC, BIMSTEC, ASEAN, EU.

1.11 Information on current affairs and events including political, social, economic, scientific, cultural, sports, books, prizes, arts, literature, music of national and international importance, and noted personalities and thinkers.

## 2. General Mental Ability Test (GMAT) 40 Marks

2.1 **Verbal reasoning test:**

**C**omprehension, vocabulary, series, analogy,classification, coding-decoding, insert the missing character, direction and distance sense test, logical reasoning, ranking order, assertion and reason, induction, deduction, courses of action.

2.2 **Quantitative (Numerical) reasoning test**

Series/sequence, analogy, classification, coding, insert themissing character, common property, matrices, data interpretation, data checking, arithmetical reasoning /operation, percentage, fraction, decimal, ratio, average, loss, profit, date/calendar, time and work.

2.3 **Non-verbalreasoning test:**

Series, analogy, symmetry, classification, analytical reasoning, Venn diagrams, figure matrix, construction of squaresand triangles, figure formation and analysis, dot situation, water images, mirror images, embedded figures, transposition of figures.

------

## प्रथम पत्र: सामान्य ज्ञानका नमुनाप्रश्नहरु

## (Paper I: Sample Questions of General knowledge)

**<u>Level I Questions</u>**

1. कुनै ठाँउको स्थानीय समय 06:00 a.m. हुँदा ग्रीनवीच मध्यान्ह समय (GMT) 02:00a.m. छ भने त्यस ठाँउको देशान्तर (longitude) कति हुन्छ ?
   The local time of a place is 06:00 a.m., when the Greenwich Mean Time (GMT) is 02:00 a.m. What isthe longitude of the place?
   A) 60° W B) 60°E
   C) 60° N D) 60° S

2. निम्नलिखित कथनहरु मध्ये कुन कथन ठीक **<u>होइन,</u>** छान्नुहोस् ।
   A) म्याग्नाकार्टालाई मानवअधिकार विकासको प्राचीन दस्तावेज मानिन्छ ।
   B) औद्योगिक क्रान्तिको सुरुवात इटालीबाट भएको थियो ।
   C) फ्रान्सको राज्यक्रान्तिलाई बौद्धिक क्रान्ति पनि भनिन्छ ।
   D) भारतीय स्वतन्त्रता आन्दोलनमा सन् १९१९-१९४७ सम्मको अवधिलाई गान्धी युग भनेर पनि चिनिन्छ ।
   Which of the following statements is **<u>NOT</u>**correct?
   A) The Magna Carta is considered to be the ancient document of the development of human rights.
   B) The Industrial Revolution commenced from Italy.
   C) The French Revolution is also called the Intellectual Revolution.
   D) The period of 1919-1947 A.D. is also known as the Gandhi Era in the Indian freedom movement.

**<u>Level IIQuestions</u>**

3. भगवान बुद्धले निम्नलिखित चार आर्य सत्य प्रचार गरेका थिए । ती चार आर्य सत्यलाई तल दिईएको कोड प्रयोग गरी सहि क्रममा राख्नुहोस् ।
   Lord Buddha had preached the following four noble truths. Putthem in correct order using the code given below.
   1. संसारमा दुःख छ वा संसार नै दुःख हो ।(There is suffering.)
   2. दुःखको निरोध हुन्छ वा दुःख रोक्न सकिन्छ ।(There is cessation of suffering.)
   3. दुःख निरोधको लागि एक प्रमुख मार्ग/उपाय छ ।(There is a path leading to the cessation of suffering.)
   4. दुःखको कारण छ । (There is cause of suffering.)
   
   A) 1- 2 - 3 - 4 B) 1- 4 - 2 – 3 C) 4- 1 - 3 - 2 D) 1- 2 - 4 - 3

4. समूह I र II मा जोडा मिलाउनुहोस् र कोडबाट सही उत्तर छान्नुहोस् ।
   Match Group I and Group II and choose the correct answer from the codes.

| **<u>समूह (Group ) I</u>** | **<u>समूह (Group) II</u>** |
|---|---|
| a)एसिया (Asia) | 1.नयाँ संसार(New World) |
| b)युरोप (Europe) | 2.विषमताको महादेश(Continent of Extremes) |
| c) उत्तर अमेरिका (North America) | 3.सबैभन्दा सानो महादेश(Smallest Continent) |
| d) अष्ट्रेलिया (Australia) | 4.प्रायद्वीपहरूको पनि प्रायद्वीप (Peninsula of Peninsulas) |

| कोड(Code) | a | b | c | d |
|---|---|---|---|---|
| A) | 2 | 4 | 1 | 3 |
| B) | 2 | 1 | 3 | 4 |
| C) | 4 | 1 | 2 | 3 |
| D) | 1 | 2 | 3 | 4 |

5. समूह I र समूह II मा जोडा मिलाउनुहोस् र कोडबाट सही उत्तर छान्नुहोस् ।
Match Group I and Group II and choose the correct answer from the codes.

| समूह(Group)I | समूह(Group)II |
|---|---|
| a) नेपालको श्रीलंका(Sri Lanka of Nepal) | 1)दैलेखको दुल्लु(Dullu of Dailekh) |
| b) ज्वालामुखीको चिन्ह(Trace of Volcano) | 2)कोशीटप्पु(Koshi Tappu) |
| c) स्वर्गद्वारी तीर्थस्थल(Swargadwari Pilgrimage) | 3)मुस्ताङ(Mustang) |
| d) नेपालको मरुभूमि(Desert of Nepal) | 4)प्युठान(Pyuthan) |

कोड(Code)
A)a-2, b-4, c-3, d-1 B) a-2, b-1, c-4, d-3
C) a-3, b-4, c-1, d-2 D) a-4, b-3, c-2, d-1


## सामान्य बौद्धिक परीक्षणका नमुना प्रश्नहरु( Sample Questions of General Mental Ability Test)

1. I, II, III, IV रV हरु मध्ये प्रत्येकको फरक फरक उचाई छ । II, V भन्दा मात्र अग्लो छ । III, I भन्दा होचो तर IV भन्दा अग्लो छ भने तीनीहरु मध्ये तेस्रो अग्लो को छ ?
Among I, II, III, IV and V, each has a different height. II is taller than only V. III is shorter than I but taller than IV. Who is third tallest among them?
A) III B) IV C) II D) Data inadequate (जानकारी अपूर्ण)
2. दिईएको क्रम/श्रेणीमा प्रश्नचिन्ह (?) राखिएको ठाउँमा के हुन्छ ?
What will come at place of question mark (?) of the following series?
   i) *BA, ED, JI, ?, ZY*
   A) *OP* B) *PO* C) *PQ* D) *QP*
   ii) *1, 1, 4, 8, 9, (?), 16, 64*
   A) *12* B) *24* C) *25* D) *27*
3. दिइएका विकल्पहरु मध्येबाट छोडिएका संख्या पत्ता लगाउनुहोस् ।
Find the missing number from the given response.
i)

| | | |
|---|---|---|
| 1 | 7 | 9 |
| 2 | 14 | ? |
| 3 | 105 | 117 |


A)28 B)18 C)16 D)12
4. कुनै एक निश्चित कोड भाषामा MEDIUM लाई NDEHVL लेखिन्छ । त्यो कोड भाषामा MIDDLE लाई कसरी लेखिन्छ ?
In a certain code language MEDIUM is written NDEHVL. How is MIDDLE written in that code?
A)NHEEMD B) NHECMD C) NHCEMD D) NHEEKD
5. तीन व्यक्तिहरु एकसाथ हिड्न शूरु गर्दछन् र तीनीहरुको पाईलाको नाप क्रमशः 30 cm, 35 cm र 36 cm छ । प्रत्येक व्यक्तिहरुले पूर्ण पाइलाहरुमा समान दुरी पार गर्न कति न्यूनतम दुरी हिड्नु पर्छ ?
Three persons start walking together and their steps measure 30 cm, 35 cm and 36 cm respectively. What is the minimum distance each should walk so that each can cover the same distance in complete steps?
A) 6 m 30 cm B) 12 m 60 cm C) 18 m 90 cm D) 3 m 15 cm

6. तल दिइएको चित्रमा त्रिभुजहरुको(Triangles) कुल संख्या कति छ ?
What is the number of Triangles in the figure given below?




A)52 B)54 C)56 D)58

7. तल उल्लिखित प्रश्नको पहिलो लहरमा बायाँ देखि दायाँ सचित्र कोठाहरु निश्चित नियम अनुसार क्रमबद्ध रुपमा रहेका छन् । यसै नियम अनुसार दोस्रो लहरको कुन चित्रले पहिलो लहरको प्रश्न चिन्ह (?) भएको चित्रलाई प्रतिस्थापन गर्छ सो पत्ता लगाउनु होस् ?
The elements of first line figures below are changing with a certain rule as we observe them from left to right. According to this rule, which of the following second line figure would replace the question mark (?) figure in the first line if the changes were continued with the rule?




8. कुनै लाईन/लहरमा राम अगाडिबाट बीसौं स्थानमा छ तथा श्याम पछाडिबाट एकतीसौं स्थानमा छ । जबकि राम र श्यामको ठीक बीचमा कृष्ण छ । यदि श्याम भन्दा अगाडि लाईन/लहरमा राम छ र त्यस लाईन/लहरमा जम्मा 66 जना व्यक्तिहरु छन भने राम र कृष्णको बीचमा कति जना व्यक्तिहरु छन् ?
In a queue, Ram is twentieth position from the front and Shyam is thirty-first position from the end, while Krishna is exactly in between Ram and Shyam. If Ram is ahead of Shyam and there are 66 persons in the queue, how many persons are there between Ram and Krishna?
A)15 B) 14 C) 8 D) 7

9. दिईएको मेट्रिक्स पुरा गर्नुहोस । Complete the given matrix.




10. सात (7)विषयहरुको अङ्कको औसत साठ्ठी (60)छ । यदि अगाडिका चार (4) विषयहरुको अङ्कको औसत त्रिसठ्ठी (63) र पछाडिका चार (4)विषयहरुको अङ्कको औसत पचपन्न (55)छ भने चौथो विषयको अङ्क कति छ ?The average of marks of 7 papers is 60. The average of marks of the first 4 papers is 63 and the average of marks of the last 4 papers is 55. What are the marks of the fourth paper?
A) 52 B) 59 C) 59.33 D) Data inadequate (जानकारी अपूर्ण)

## विषयः- कम्प्यूटर सीप परीक्षण (Computer Skill Test)

**पाठ्यक्रमको उद्देश्यः-**

आजको वैज्ञानिक युगमा दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्या समाधानका लागि सूचना र संचार प्रविधिसँग परिचित र न्यूनतम ज्ञान, सीप र धारणा भएकोव्यक्ति हुन अपरिहार्यता रहेको छ । तसर्थ देश विकासको मेरुदण्डको रुपमा रहेको निजामती कर्मचारी छनौट गर्दा आधारभूत कम्प्यूटर ज्ञान र सीप भएको व्यक्ति छनौट गर्नु उपयुक्त हुन्छ । त्यसमा नायव सुब्बा पदमा कार्यरत कर्मचारीहरुलाई कम्प्यूटर सम्बन्धी गर्नुपर्ने सामान्य समस्याहरु हल गर्ने क्षमता हुन अनिवार्य देखिन्छ । त्यसैले अप्राविधिक तर्फका न्याय, परराष्ट्र, प्रशासन, लेखापरीक्षण र संसद सेवा, राजपत्र अनंकित प्रथम श्रेणी, नायव सुब्बा वा सो सरह पदको खुला प्रतियोगितात्मक परीक्षाको द्वितीय चरणमा कम्प्यूटर सीप परिक्षण प्रयोगात्मक परीक्षा समावेस गरिएको हो ।

**प्रयोगात्मक परीक्षा योजना (Practical Examination Scheme)**

| विषय | पूर्णाङ्क | परीक्षा प्रणाली | विषयवस्तु शिर्षक | अङ्क | समय |
|---|---|---|---|---|---|
| कम्प्यूटरसीप परिक्षण (Computer Skill Test) | १० | प्रयोगात्मक (Practical) | Devanagari Typing | २.५अङ्क | ५ मिनेट |
| | | | English Typing | २.५अङ्क | ५ मिनेट |
| | | | Windows basic and Word processing | ५ अङ्क | ५ मिनेट |

## Contents

**1. Windows basic**
- Introduction to Graphical User Interface
- Starting and shutting down Windows
- Basic Windows elements - Desktop, Taskbar, My Computer, Recycle Bin, etc.
- Concept of files and folders
- Searching files and folders

**2. Word processing**
- Creating, saving and opening documents
- Typing in Devanagari and English
- Text formatting (font, size, color, underline, italic, bold, etc) and paragraph formatting (alignment, indentation, spacing)
- Inserting header, footer, page number
- Page setting (margin, page size, orientation), previewing and printing of documents

-----

## अंग्रेजी वा देवनागरी Typing Skill Testको लागि निर्देशनः-

1. देवनागरी Typing Skill Test को लागि १५० शब्दहरुको एउटा Text दिइनेछ र देहाय अनुसार अंक प्रदान गरिनेछः-

| | **शुद्ध शब्द प्रति मिनेट (Correct Words/Minute)** | **पाउने अंक** |
|---|---|---|
| | ५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | ० अंक |
| | ५ वा सो भन्दा बढी र ७.५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | ०.५० अंक |
| | ७.५ वा सो भन्दा बढी र १० भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | ०.७५ अंक |
| | १० वा सो भन्दा बढी र १२.५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | १.०० अंक |
| | १२.५ वा सो भन्दा बढी र १५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | १.२५ अंक |
| | १५ वा सो भन्दा बढी र १७.५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | १.५० अंक |
| | १७.५ वा सो भन्दा बढी र २० भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | १.७५ अंक |
| | २० वा सो भन्दा बढी र २२.५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | २.०० अंक |
| | २२.५ वा सोभन्दा बढी र २५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | २.२५ अंक |
| | २५ वा सो भन्दा बढी शुद्ध शब्द प्रति मिनेट बापत | २.५० अंक |

2. English Typing Skill Test को लागि २०० शब्दहरुको एउटा Text दिइनेछ र देहाय अनुसार अंक प्रदान गरिनेछः-

| | **शुद्ध शब्द प्रति मिनेट (Correct Words/Minute)** | **पाउने अंक** |
|---|---|---|
| | ६ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | ० अंक |
| | ६ वा सो भन्दा बढी र ९ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | ०.५० अंक |
| | ९ वा सो भन्दा बढी र १२ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | ०.७५ अंक |
| | १२ वा सो भन्दा बढी र १५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | १.०० अंक |
| | १५ वा सो भन्दा बढी र १८ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | १.२५ अंक |
| | १८ वा सो भन्दा बढी र २१ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | १.५० अंक |
| | २१ वा सो भन्दा बढी र २४ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | १.७५ अंक |
| | २४ वा सो भन्दा बढी र २७ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | २.०० अंक |
| | २७ वा सोभन्दा बढी र ३० भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | २.२५ अंक |
| | ३० वा सो भन्दा बढी शुद्ध शब्द प्रति मिनेट बापत | २.५० अंक |

3. अंग्रेजी वा देवनागरी Typing मा दिइएको Text लाई आधार मानी टाइप गरेको Text सँग भिडाई चेक गरिनेछ । दिइएको अंग्रेजी वा देवनागरी Text मा उल्लेखित स्थान बमोजिम परीक्षार्थीहरुले आफ्नो Text मा Punctuation टाइप नगरेको पाइएमा त्यसको शब्दमा गणना गरिने छैन । तत्पश्चात निम्न Formula प्रयोग गरी शुद्ध शब्द प्रति मिनेट (Correct words/minute) निकालिनेछ ।

**Formula:**

$$\text{शुद्ध शब्द प्रति मिनेट (Correct words/minute)} = \frac{(\text{Total words typed} - \text{Wrong words})}{5}$$